# गुरुङ बुद्धिजम

# गर्भ सुरक्षा पूजा

लेखक/संकलक/अनुवादक
कल्याणमित्र डीबी गुरुङ अमेरिका

सम्पादन मण्डल
बीडीएल स्कालर समूह

# गुरुङ बुद्धिजम

## भागः २

## जीवित संस्कार

## १. गर्भ सुरक्षा पूजा (गर्भपूजा)

लेखक/संकलक/अनुवादक
कल्याणमित्र डीबी गुरुङ, अमेरिका
dhirgurung2020@gmail.com

September 01, 2023

सम्पदन मण्डल
बीडीएल स्कालर समूह

# १. गर्भ सुरक्षा पूजा (गर्भपूजा):

यो गर्भ सुरक्षा पूजा सबै मानव समूदायले गर्दछन् । सबै धर्म, जात, जाती, थर र समूदायले आ-आफ्नै संस्कार अनुसार गर्दछन् । हामीले देख्ने र बुझ्ने फरक भनेकै संस्कार हो । यही संस्कार हाम्रो पहिचान हो । गर्भ सुरक्षा पूजालाई गुरुङ भाषामा 'गर्भपूजा' भन्दछ । जब महिलाको पेटको बच्चा सात वा आठ महिना पुगे पछि गर्भमा रहेको बच्चाले पनि आमाले सुनेको कुरा प्रत्यक्ष अनुभव गर्दछन् भन्ने धार्मिक मान्यता रहेको छ । यो संवेदनशील अवस्थाको ध्यानमा राख्दै दुबैको स्वास्थ राम्रो होस् । दुबैको आयु बुद्धि होस् । दुबैको चीरायु होस् । दुबैको दीर्धायु होस् भन्नका लागि गर्भ सुरक्षा पूजा गरिन्छ ।

सबभन्दा पहिले सामग्रीहरु तयार गरिन्छ । तयार गरिने सामग्रीहरुमा एक मानाको भात पकाएर कुल देउताको नाउँमा 'हिदम' कैँदु वा तोर्मा बनाउने र थालमा राख्ने । थालको वरपर फलफूलहरु राख्ने । हिदम कैँदुको धाँटीमा पाँचवटा रिपु राख्ने । पाँचवटा रिपुमा एउटा लामो र चारवटा छोटो हुनु पर्छ । एउटा लोटामा चोखोपानी तयार पार्ने । अब सामग्रीहरु तयार पारिसकेपछि महिलाले अनुकुल आसान ग्रहण गर्ने । लम, लामा, आनी, आचार्य, कल्याणमित्र, उपासक र उपासिकाहरु बोलाई गुरुङ बुद्धिजमको आधारमा गर्भ सुरक्षा पूजा गर्ने ।

यति काम भैसकेपछि पुरोहितले सूत्रपठा गर्दछ । सूत्रपाठ सकिए पछि दीर्घायुका लागि लामो रिपु महिलाको घाँटीमा, दुइवटा हातमा र दुइवटा खुट्टामा बाँधिदिने । यसरी रिपु लगाइ दिए पछि गर्भमा रहेको बच्चा र आमा दुबैको पनि सुरक्षा हुन्छ भन्ने धार्मिक एवं सामाजिक मुल्य र मान्यता रहेकोछ । यो पूजा शुक्लपक्षको समयमा राम्रो दिन बार वा आमाको जन्मबारमा गर्दा उपयुक्त हुन्छ ।

हुन त यो गर्भ सुरक्षा पूजा सबै तह र तप्काका मानिसहरुले गर्न सक्दैनन् । किनभने, यसको गहनता सबैले राम्रारी बुझेका हुदैनन् । किनभने यो गर्भको कुरा त हो नि भन्छन् । यहीनितर त हामीहरु अल्मलिएका छौं । गर्भको बच्चाको सुरक्षा हुन अत्यन्तै महत्वपूर्ण हुन्छ । किनभने बच्चाको लागि आमा र आमाका लागि बच्चा सुरक्षित हुन आवश्यक रहन्छ । त्यसैले, यस विषयमा हामीहरु सबै सचेत हुन आवश्यक छ ।

यति कार्य सकिएपछि हिदम कैँदु काटेर प्रसादका रुपमा खाने र आमन्त्रित इष्टमित्रहरुलाई मिठो मसिनो खाना खुलाएर रमाइलो नाचगान गरी गर्भ सुरक्षा पूजा सम्पन्न गरिन्छ । यही संस्कार अनुसार सबै जात जातीहरुले गर्भ सुरक्षा पूजा गर्न सकिन्छ ।

**१. सर्वप्रथम सम्पूर्ण स्थानीय शक्तिपीठहरुको आह्वान गर्दै भगवान बुद्धको शरणगमन गर्ने:**

सर्वप्रथम आसन ग्रहण गर्ने । सकेसम्म कमलासनमा नभएर सरलासन ग्रहण गर्ने । त्यसपछि मन, बचन र चित्त शुद गरी म .................. (बाचक) आजको यो गर्भ सुरक्षा पूजाको सम्पूर्ण बिधि बिधान सम्पन्न नभइन्जेसम्म यो आसनबाट उठने छैन भनी हातमा फूलपाती लिएर प्रतिज्ञा गर्ने ।

ऊँ अर्घम, पुष्पम, धुपम, द्धीपम, सुगन्धम, नैवेतम सर्वपरिकार महापञ्चामृत स्वाहा । ऊँ पितृदेव नम ....... (आफ्नो पितृको नाम लिने) । मातृदेव नम ......... (आफ्नो मातृको नाम लिने) । कुलदेव खोर्लोह्विम्पोचे नोच्यन फैलु महाकाल नम । इष्टदेव नमयेनम कौँरुँब नम । त्हङेदेव नम । सिद्धिदेव नम । आयुदेव नम । ह्योँदेव नम । (ठेगान) यसको आसपासमा रम्नेबस्ने सिल्दोनाल्दो साक्षी थानेमाने देवीदेउता देउराली भयारी नागनागिनी ल्हल्हु यक्ष गन्दर्भ किन्नर देवपित्र कुलकुटुम्ब इष्टमित्र साथीभाइ छरछिमेक सबैलाई नमोनम: । आजको कर्ता .................को नाति, ...........को बुहारी ...............को गर्भ सुरक्षा पूजामा उपरोक्त सम्पूर्ण देवी देवताहरु र बोधिसत्वहरु सबैलाई आह्वान गर्दछु । आह्वान गर्दछु ॥ आह्वान गर्दछु ॥।

कुन पाठ कहाँ, कहिले र कसरी गर्ने भन्ने बारेमा बाचकले राम्ररी बुझ्नु पर्ने हुन्छ । यसरी बुझ्न सकिएन भने, पूजापाठ गरे अनुसारको पुण्य लाभ हुन सक्दैन ।

नमो तस्स भगवतो अहर्तो सम्मा सम्बुद्धस्स ।

**बुद्धम् शरणम् गच्छामि ।**
**धर्मम् शरणम् गच्छामि ।**
**संघम शरणम् गच्छामि ।**

इतिपिसो भगवा अरहम् विद्याचरणा सम्पन्नो सुगदो लोकबिदो अनुत्तरो पुरी सद्धामा सारथी शास्त देव मनुसानो बुद्ध भगवती ।

नमो तस्स भगवतो अहर्तो सम्मा सम्बुद्धस्स ।

ऊँ नमो भगवते अपरिमिता आयुर्ज्ञान सुविनिश्चित तेजोरजय तथागताय अहर्ते सम्याक संबुद्धय तद्यथा ऊँ पुण्येपुण्ये महापुण्ये अपरिमिता पुण्ये अपरिमिता पुण्यज्ञान सम्भारो पचिते ऊँ सर्वसंस्कार परिशुद्ध धर्मते गगन समुन्द्रते स्वभाव बिशुद्धे महानय (.....) परिवारे स्वाहा ।

ऊँ महमाया दशपारमी स्वाहा ।
ऊँ यशेधरा देवी अरहत्व स्वाहा ।
ऊँ तारे तुत्तारे तुरे स्वाहा ।
ऊँ सर्वबोधिसत्व स्वाहा ।
ऊँ सर्वमहागुरु स्वाहा ।
ऊँ सर्वकल्याणमित्र स्वाहा ।

## २. अष्टमंगल द्रव्यार्पण सूत्रपाठः

मंगल स्वस्ति भवतु । आज यहाँ सम्पूर्ण जम्बुद्वीपका अलंकार, सम्पूर्ण जगतका इच्छाहरुका स्रोत, सम्बुद्धरुपी बृक्षहरुको आश्रयको आधार, भद्र गुणहरुद्धारा अलंकृत, बोधिबृक्ष, समस्त देवता र मनुष्यको पुण्यको एक मात्र क्षेत्र सर्वश्रेष्ठ पूजा बृक्ष बज्रासन छ । यहाँ बुद्धले स्वयं जुन माङ्गलिक द्रव्यहरुलाई अधिष्ठित गर्नु भएको थियो, त्यसको प्रभावले (म/हामी) मङ्गल पाठ गर्छु/गर्छौं ।

अतीतमा सम्याक सम्बुद्ध शाक्यमुनिलाई गुह्याधिपति बज्रपाणिले सेतो सर्स्युँ चढाउनु भएको थियो । त्यसलाई बुद्धले माङ्गलिक द्रव्यको रुपमा अधिष्ठित गर्नु भएको थियो । त्यसको बल र प्रभाले गर्दा, आजको यो गर्भ सुरक्षा पूजामा सेतो सर्स्युँबाट मङ्गल होस् ।

सेतो सर्स्युँ बज्रकुलको हो । यसले सबै ठाउँमा सम्पूर्ण बिघ्नहरुलाई बाँकी नराखी नाश गर्दछ । बल प्रताप र गुणमा पराकाष्ठ भएको त्यो माङ्गलिक द्रव्यले गर्दा, सबै बिघ्नहरु शान्त होउन् ॥१॥

अतीतमा सम्याक सम्बुद्ध शाक्यमुनिलाई ब्राह्मण कुन्धलीले दुबो चढाउँदा त्यसलाई माङ्गलिक द्रव्यको रुपमा अधिष्ठित गर्नु भएको थियो । त्यसको प्रभावले आजको यो गर्भ सुरक्षा पूजामा दुबो द्रव्यद्धारा मङ्गल होस् । दुबोले आयुलाई बढाउँछ । बज्रसत्वको आयु सिद्ध गराउँछ । क्लेश भएको जन्म मरणको श्रृंखलालाई तोड्ने माङ्गलिक द्रव्य-द्धारा हाम्रो आयुको बृद्धि होस् ॥२॥

अतीतमा सम्याक सम्बुद्ध शाक्यमुनिलाई पृथ्वी देवीले सिन्दुर चढाउँदा, त्यसलाई माङ्गलिक द्रव्यको रुपमा अधिष्ठित गर्नु भएको थियो। त्यसको प्रभावले आजको यो गर्भ सुरक्षा पूजामा सिन्दुर द्रव्यद्धारा मङ्गलं होस् । सिन्दुर बशीकरण स्वभावको छ। अशेष धर्महरुलाई बशमा राखेर धर्मराजले यसको मङ्गलद्धारा राज्यस्थिर गरुन् ॥३॥

अतीतमा सम्याक सम्बुद्ध शाक्यमुनिलाई ऐरावत हात्तीले गोरोचन चढाउँदा, त्यसलाई माङ्गलिक द्रव्यको रुपमा अधिष्ठित गर्नु भएको थियो । त्यसको प्रभावले आजको यो गर्भ सुरक्षा पूजामा गोरोचन द्रव्यद्धारा मङ्गल होस् । गोरोचन त्रिविष नाशक रोगहरुको उत्तम औषधि हो । धर्मधातुको साक्षात्कार गरेर क्लेशका पिडाहरुलाई मेटाइदिने यसको मङ्गलले यहाँ दुःख शान्त होस् ॥४॥

अतीतमा सम्याक सम्बुद्ध शाक्यमुनिलाई गृहधिपति भद्रपालले दही चढाउँदा त्यसलाई माङ्गलिक द्रव्यको रुपमा अधिष्ठित गर्नु भएको थियो। त्यसको प्रभावले आजको यो गर्भ सुरक्षा पूजामा दही द्रव्यद्धारा मङ्गल होस्। दही सबको सार हो । उत्तम ज्ञानको साक्षात्कार गरेर समस्त गुण भएको त्यसबाट यहाँ पनि त्रिविष शान्त होस् ॥५॥

अतीतमा सम्याक सम्बुद्ध शाक्यमुनिलाई रुपकी देवी प्रभाधरीले आदर्श चढाउँदा त्यसलाई माङ्गलिक द्रव्यको रुपमा अधिष्ठित गर्नु भएको थियो । त्यसको प्रभावले आजको यो गर्भ सुरक्षा पूजामा आदर्श द्रव्यद्धारा मङ्गल होस् । आदर्श ज्ञान महासागर श्रेष्ठ ज्ञान सागरहरुमा

बिशुद्ध भएर धर्महरुको निर्बाध रुपमा उपभोग गर्नेवाला छ । त्यसबाट पनि आवरण शोधित होउन् ॥६॥

अतीतमा सम्याक सम्बुद्ध शाक्यमुनिलाई बृक्ष देवीले बेलको फल चढाउँदा त्यसलाई माङ्गलिक द्रव्यको रुपमा अधिष्ठित गर्नु भएको थियो । त्यसको प्रभावले आजको यो गर्भ सुरक्षा पूजामा बेलको फलद्धारा मङ्गल होस् । फल हेतु फल सहितको धर्म हो । समस्त लोकमा चर्याहरु श्रेष्टबोधि गर्भका कारण बन्दछन् । त्यो मङ्गलले सर्वाथ सिद्ध होउन् ॥७॥

अतीतमा सम्याक सम्बुद्ध शाक्यमुनिलाई देवराज इन्द्रले सेतो दाहिने शंख चढाउँदा त्यसलाई माङ्गलिक द्रव्यको रुपमा अधिष्ठित गर्नु भएको थियो । त्यसको प्रभावले आजको यो गर्भ सुरक्षा पूजामा दाहिने शंखद्धारा मङ्गल होस् । शंख धर्म नादलाई ध्वनित पारेर ज्ञानसागरमा शोधित गरेर सम्पूर्ण धर्महरुको प्रदर्शक हुन्छ । त्यो मङ्गलद्धारा शव्दाभिषेक प्राप्त होस् ॥८॥

भगवान बुद्धको जीवनीसंग सम्बन्धित बिभिन्न घटना क्रममा उहाँले यी आठ द्रव्यहरुलाई अधिष्ठित गरेर माङ्गलिक द्रव्यको रुपमा लिएको हुनाले यिनीहरुलाई सबैले मङ्गल द्रव्य को रुपमा लिन्छन् । त्यसैले अभिषेक उपदेश जस्ता राम्रा शिक्षाहरु लिने अवसरहरुमा शुभ साइत होस् भनेर यी द्रव्यहरु चढाउँने चलन रहेका छन् ।

ऊँ अर्घम् पुष्पम् धुब्बम् दीपम् सुगन्धम् नैबेतम सर्व परिकार महापञ्चाअमृत स्वाहा ।

## ३. दीर्घायु सूत्रपाठः

ऊँ अर्घम् पुष्पम् धुब्बम् दीपम् सुगन्धम् नैबेतम सर्व परिकार महापञ्चाअमृत स्वाहा । बुद्ध र बोधिसत्व सबैमा बन्दना । आर्य पञ्चकुल माता पितामा बन्दना । आयु धारणा गर्नेहरुमा बन्दना । आयु आकृष्ट गरेर ल्याउनेहरुमा बन्दना । आयुका दूतीहरु र आसंख्य पुनः निर्मितहरुमा बन्दना । त्यसपछि भगवान बज्रपाणि सर्वत्र अपरिमिता आयु व्यापक उदभव नामक समाधि ध्यानमा बिराजमान हुनु भयो । त्यस पछि आयु पुण्य र ज्ञान संभार असिम प्रवर्द्धन नामक सबै तथागतहरुको सार भएको यो धारणी सूत्र बताउनु भयो ।

**ऊँ आयु पुण्यपुण्य महापुण्य आयु पुण्यज्ञान सम्भारो पचगरिणि स्वाहा । ऊँ अमृते अमृते अमृते तोदभवरे अमृते संभवे अमृते विक्रान्ते गगन सर्वकर्म क्लेस क्षयं करिणी स्वाहा । ऊँ रत्नेरत्ने महारत्ने रत्नसंभवे रत्नकरण रत्नमाला विशुद्धाय सर्वपापं हुँ त्रत् फट् । जः हुँ बँ होः भगवान च छ र एह्येहि समयस्त्वं समय हुँ । प्रति ज ज हुँ ऊँ अमोघ प्रतिहत फट् ।**

सबै तथागतको सार सोही विद्या मन्त्रको काय वाक चित्त बज्रबाट उद्पाद भएको **ऊँ पुण्यपुण्य महापुण्य अपरिमिता पुण्य आयु पुण्यज्ञान संभारो पचिते स्वाहा । ऊँ तिङ स्वाहा ।** उपसार मन्त्र **ऊँ त्रुं स्वाहा ।** सारलाई सम्याक रुपमा प्रेरित गर्ने मन्त्र **ऊँ त्रँ स्वाहा ।** परम सार **ऊँ ह्रीः स्वाहा ।** गुह्य मन्त्र, भगवान अमितयुस नाथको स्तुती ।

**ह्रीः** भगवान अमितयुस नाथ आकास समान काय भएका बिशुद्ध परम काय, बज्र समता कायमा बन्दना । बिशुद्ध परम वाक, निस्प्रन्च, अक्षर बिहिन भइ शब्दलाई त्यागेका निष्प्रपञ्च वाकमा बन्दना । बिशुद्ध चित्त, श्रेष्ट चित्त, बिकल्प त्यागेका राग मुक्त ज्ञाता शुन्य चित्तमा बन्दना । **ऊँ भ्रुं बज्रआयुषे स्वाहा ।**

**ऊँ रुरु स्फुरु ज्वल सिद्धि लोचनी स्वाहा ।** गौरी बर्णमा प्रकाश उदाएको, हातमा अमृत कलश लिएकी, आयुकी नायिका, प्रवाह बृद्धि गरेकी श्री र तेज फैलाउ । भगवान बैरोचन अमितयुस चक्र आदि मुद्राद्धारा दशौ दिशा आकासको मार नष्ट गरी रोचन आयु प्रदान गरी प्राण रक्षा गर । **ऊँ भ्रुँ बज्र आयुषे स्वाहा ।**

भगवान बज्रसत्व अमितयुस बज्र आदि मुद्राद्धारा दशौ दिशाका आकासको मार नष्ट गरेर, बज्रआयु प्रदान गरी प्राण रक्षा गर । **हुँ भ्रुँ बज्र आयुषे स्वाहा ।** भगवान रत्नसंभाव अमितयुस रत्न ज्वालादि मुद्राद्धारा दशौ दिशाका आकासको मार नष्ट गरेर, महारत्नको आयु प्रदान गरी प्राण रक्षा गर । **स्वा भ्रुँ बज्र आयुषे स्वाहा ।** भगवान आनन्त ज्योति भएका अमितभ, पद्मादि मुद्राद्धारा दशौ दिशाका आकासको मार नष्ट गरेर, रोचन आयु प्रदान गरी प्राण रक्षा गर । **अ भ्रुँ बज्र आयुषे स्वाहा ।** भगवान अमोघसिद्धि अमितयुस विश्व बज्रादि मुद्राद्धारा दशौ दिशाका आकासको मार नष्ट गरेर, अमोघ आयु प्रदान गरी प्राण रक्षा गर । **हँ भ्रुँ बज्र आयुषे स्वाहा ।** पञ्च सुगत

अमितयुस दशै दिशाका आकासको मार नष्ट गरी, मार र तीर्थिक सबै नष्ट गरी श्री र तेजको बृद्धि गर ।

पूर्व दिशाकी आयु घारण गरेकी बज्रमहामाता बुद्ध लोचनी, रत्न स्फटिकको कलशमा बज्र आयुले भरेर, शिर माथिबाट अभिषेक दिएर आयु अभिषेक स्थिर बनाउ । **ऊँ रुरु स्फुरु ज्वाल सिद्धि सितर्ग लोचनी स्वाहा ।**

दक्षिण दिशाकी आयुधारी रत्नमाता मामकी वैडुर्य रत्नकलशमा बज्र आयुले भरेर, शिर माथिबाट अभिषेक दिएर, आयु अभिषेकको बिस्तार गर । **ऊँ शंकर शंकरे कुतने कुतने स्वाहा ।**

पश्चिम दिशाकी आयुधारी पद्म महामाता पाण्डुरा रत्नपद्मरागको कलशमा बज्रआयुले भरेर, शिर माथिबाट अभिषेक दिएर, अभिषेक बिस्तार गर । **ऊँ विकते विकते कतरय विदेय स्वाहा ।**

उत्तर दिशाकी आयुधारी सुकर्म माता समय तारा रत्न इन्द्रनीलको कलशमा बज्रआयुले भरेर, शिर माथिबाट अभिषेक दिएर, आयु अभिषेक बिस्तार गर । **ऊँ तारे तुतारे तुरे स्वाहा ।**

आकाश धातुकी आयुधारी माता समन्त भद्री रत्न सुवर्ण कलशमा बज्रआयुले भरेर, शिरबाट अभिषेक दिएर, आयु अभिषेक बिस्तार गर । **ऊँ सर्व कसत्वाम देवी रि महामरेशय स्वाहा ।**

पूर्व दिशाबाट आयु ल्याउने बज्र अंकुश देवी काय बर्ण सेतो भएर ज्योति उदाएकी, हातमा अंकुश लिएर

गन्धर्वको हातबाट आयु लिएर आउ । दक्षिण दिशाबाट आयु ल्याउने धर्मदेवी पाशय काय बर्ण नीलो ज्योति उदाएकी हातमा पाश लिएकी, यमको हातबाट आयु लिएर आउ । पश्चिम दिशाबाट आयु ल्याउने धर्मदेवी स्फोट काय बर्ण रातो ज्योति उदाएकी, हातमा स्फोट लिएकी, पश्चिम दिशाको नागको हातबाट आयु लिएर आउ ।

उत्तर दिशाबाट आयु ल्याउने कर्मदेवी घण्टी बजाउने, काय बर्ण हरियो ज्योति उदाएकी, हातमा धण्टी लिएकी उत्तर दिशा यक्षको हातबाट आयु लिएर आउ । **भ्रुँ यु भ्रुँ बज्र आयुषे स्वाहा ।**

आयु माटोमा रहेको हो भने, महामाता बुद्ध लोचनीले आयु प्रदान गरी प्राणको रक्षा गर । आयु पानीमा रहेको हुँदा, महामाता मामकीले आयु प्रदान गरी प्राणको रक्षा गर । आयु आगोमा रहेको हुदा, महामाता पाण्डुरा वासीले आयु प्रदान गरी प्राणको रक्षा गर । आयु वायुमा रहेको हुदा, समय ताराले आयु प्रदान गरी प्राणको रक्षा गर । आयु आकाशमा रहेको हुदा, महामाता समन्त भद्रीले आयु प्रदान गरी प्राणको रक्षा गर । माटोको सार सुनमा समेटिन्छ । सुनमा आयुको सगुन हुन्छ । पानीको सार नुनमा समेटिन्छ । नुनमा आयुको सगुन रहन्छ । फलफूलको सार गुलियोमा समेटिन्छ । गुलियोमा आयुको सगुन रहन्छ । पोषणको सार घिउमा समेटिन्छ । घिउमा आयुको सगुन रहन्छ । अनाजको सार तिलमा समेटिन्छ । तीलमा आयुको सगुन रहन्छ । प्राणको सार नृमा समेटिन्छ

। नृमा आयुको सगुन रहन्छ । **भ्रुँ यु यु भ्रुँ ।** लुकाउ लुकाउ आयु लुकाउ । धर्म धातुमा आयु लुकाउनाले त्रिकालकै बुद्ध शत्रु बनेर आए पनि उसलाई समातेर बाँध्न सक्दैन ।

यसलाई सात मुद्राद्धारा मुद्रण गरिन्छ । पहिले धर्म धातु, दोस्रो प्रज्ञोपायक, तेस्रो काय वाक चित्त, चोथो चार ज्ञान, पाँचौ पञ्च बुद्ध, छैठो महाश्री ह्याङगृव, सातौं सुनको खुर्पा । शिरमा चन्द्र सूर्यको मण्डलमा भगवान बैरोचन मण्डल धारण गरेको समन्तभद्र । उनको करुणा र अधिष्ठानले यो आयु सुप्रतिष्ठित होस् । **बुद्ध कलश अभिसिञ्च हुँ ।**

निधारमा अर्धचन्द्र मण्डलमा भगवान बज्रसत्व मण्डलधारी बुद्ध लोचनीको करुणा र अधिष्ठानले यो आयु सुप्रतिष्ठित होस् । **बज्र कलश अभिषिञ्च हुँ ।** जिब्रोको अष्ट पद्म पत्रमा भगवान रत्नसंभव मण्डलधारी मामकीको करुणा र अधिष्ठानले यो आयु सुप्रतिष्ठित होस् । **रत्न कलश अभिषिञ्च त्रँ ।** नाभी विमान मण्डलमा भगवान अभितभ मण्डलधारी पाण्डुराको करुणा र अधिष्ठानले यो आयु सुप्रतिष्ठित होस् । **पद्म कलश अभिषिञ्च ह्रीँ ।** पैताला भित्र त्रिकोणमा भगवान अमोघसिद्धि मण्डलधारी समय ताराको करुणा र अधिष्ठानले यो आयु सुप्रतिष्ठित होस् । **कर्म कलश अभिषिञ्च अँः ।** आर्य अमितयुसको आयु अभिषेक न्वारण (मिँत्यैँब) नामक धारणी सूत्र समाप्त भयो । ऊँ अर्घम, पुष्पम, धुपम, द्बीपम, सुगन्धम, नैवेतम सर्वपरिकार महापञ्चामृत स्वाहा ।

## ४. सम्पूर्ण स्थानीय शक्तिपीठहरुको आह्वान गर्दै पुण्यानुमोदन गर्न अनुरोध गर्नेः

अर्घम, पुष्पम, धुपम, द्वीपम, सुगन्धम, नैवेतम सर्वपरिकार महापञ्चामृत स्वाहा । ऊँ पितृदेव नम ....... (आफ्नो पितृको नाम लिने) । मातृदेव नम ......... (आफ्नो मातृको नाम लिने) । कुलदेव खोर्लोह्लिम्पोचे नोच्यन फैलु महाकाल नम । इष्टदेव नमयेनम कौँरुँब नम । त्हङेदेव नम । सिद्धिदेव नम । आयुदेव नम । ह्योँदेव नम । (ठेगाना भन्ने) यसको आसपासमा रम्नेबस्ने सिल्दोनाल्दो साक्षी थानेमाने देवीदेउता देउराली भयारी नागनागिनी ल्हल्हु यक्ष गन्दर्भ किन्नर देवपित्र कुलकुटुम्ब इष्टमित्र साथीभाइ र छरछिमेक सबैलाई नमोनमः । आजको कर्ता ..........को नाति, .........को बुहारी ..........को गर्भ सुरक्षा पूजाको पुण्यानुमोदन गरिदिन हुन उपरोक्त सम्पूर्ण देवी देवताहरु र बोधिसत्वहरु सबैलाई अनुरोध गर्दछु ॥ अनुरोध गर्दछु ॥ अनुरोध गर्दछु ॥।

यो गर्भ सुरक्षा पूजाबाट प्राप्त हुने सम्पूर्ण पुण्य आजको कर्ता श्रीमती .................. लाई प्राप्त होस् । सम्पूर्ण परिवारलाई प्राप्त होस् । सम्पूर्ण परिवारको उन्नति, प्रगति र समृद्धि होस् । सुख, शान्ति, सुस्वास्थ र दीर्घायु होस् । ऊँ अर्घम, पुष्पम, धुपम, द्वीपम, सुगन्धम, नैवेतम सर्वपरिकार महापञ्चामृत स्वाहा । भवतु सर्वमंगलम । बुद्धम् शरणम् गच्छामि ।